# २०८१ मङ्सिर ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | फिलिपिन्सको मनिलामा २०८१ मङ्सिर २५ देखि २७ सम्म आयोजना हुने 16th Regional Environmentally Sustainable Transport (EST) Forum in Asia विषयक छलफल कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | पूर्वसचिव श्री रामेश्वरप्रसाद खनालको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगमा निजी क्षेत्रबाट देहायबमोजिम सदस्य थप गर्ने:<br>१. श्री चन्द्रप्रसाद ढकाल- अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ<br>२. श्री राजेशकुमार अग्रवाल- अध्यक्ष, नेपाल उद्योग परिसंघ<br>३. श्री कमलेशकुमार अग्रवाल- अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श |
| ३ | अर्थ मन्त्रालय | चालु आर्थिक वर्षको मङ्सिर महिनामा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट निष्कासन हुने रू.२ अर्बको नागरिक बचतपत्रको अवधि ५ वर्ष र व्याजदर ७.५ प्रतिशत तोक्ने। साथै, सोही कार्यालयबाट निष्कासन हुने रू.५० करोडको वैदेशिक रोजगार बचतपत्रको अवधि ५ वर्ष र ब्याजदर ८.५ प्रतिशत तोक्ने। |
| ४ | अर्थ मन्त्रालय | स्वीट्जरल्याण्ड सरकारबाट सुरक्षित आप्रवासन (सामी) चौथो चरण कार्यक्रमको लागि प्राप्त हुने स्वीस फ्र्याँक ११.३४ मिलियन (करिब ने.रू. १ अर्ब ७६ करोड ९७ लाख) अनुदान सहायता स्वीकार गर्ने। |
| ५ | अर्थ मन्त्रालय | आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (२) र उपदफा (३) बमोजिमको भन्सार महसुल छुटसम्बन्धी निर्णय अर्थ मन्त्रालयबाटै गर्ने। |
| ६ | अर्थ मन्त्रालय | वन ऐन, २०७६ को दफा ४५ बमोजिमको वन विकास कोषबाट व्यहोर्नु पर्ने दायित्व सिर्जना भएका बखत अर्थ मन्त्रालयले स्रोत व्यवस्था गर्ने गरी नेपाल सरकारद्वारा सञ्चालित आयोजनाले आ.व.२०८१/८२ मा वन विकास कोषमा रकम जम्मा गर्नु नपर्ने गरी स्रोत सुनिश्चितता प्रदान गर्ने। |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | मिति २०८१ मङ्सिर १३ मा नेपालको काठमाडौँमा हुने Nepal China Coordination Mechanism on Border Trade and Cooperation संयन्त्रको दोश्रो बैठकको वार्ता तथा छलफलको कार्यसूची स्वीकृत गर्ने। |
| ८ | गृह मन्त्रालय | प्रहरी नायब महानिरीक्षकहरू श्री बुद्धीराज गुरुङ र श्री केदार ढकाललाई प्रहरी अतिरिक्त महानिरीक्षकमा बढुवा नियुक्त गरी क्रमशः कार्य विभाग र प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने। |

| | | |
|---|---|---|
| ९ | गृह मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्तिको सिफारिसका लागि गृह मन्त्रालयका सचिव श्री गोकर्णमणि दुवाडीको संयोजकत्वमा पूर्वसचिव श्री दिपक सुवेदी र सहप्राध्यापक डा. रेश्मा श्रेष्ठ रहेको सिफारिस समिति गठन गर्ने। |
| १० | गृह मन्त्रालय | डा. लवदेव अवस्थी, श्री गोपीनाथ मैनाली, श्री उमेशराज जोशी, श्री सुरेन्द्र कुमार झा, प्रा. योगेन्द्र गुरुङ र श्री शर्मीला कार्कीलाई विभूषण समितिको सदस्य तोक्ने। |
| ११ | परराष्ट्र मन्त्रालय | बुद्धभूमि न. पा. वडा नं. २ कपिलवस्तु निवासी श्री पूर्णबहादुर नेपालीलाई प्रजातान्त्रिक समाजवादी गणतन्त्र श्रीलङ्काको लागि नेपालको आवासीय राजदूत पदमा नियुक्तिका लागि सिफारिस गर्ने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | धरान- केराबारी- लेटाङ्ग-मधुमल्ला सडक निर्माणको लागि झापा, सुनसरी र मोरङ जिल्लामा रहेको राष्ट्रिय वनको ३६.३२३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष पदमा श्री ओमप्रसाद बराललाई मनोनयन गर्ने। |
| १४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय सूचना आयोगको प्रमुख सूचना आयुक्तमा डा. सुरेश प्रसाद आचार्य तथा सूचना आयुक्तहरूमा क्रमशः श्री गगन विष्ट र श्री दुर्गा भण्डारी पौडेललाई नियुक्त गर्ने। |
| १५ | सहरी विकास मन्त्रालय | विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम धरहरा सञ्चालन नहुँदासम्म अन्तरिम रूपमा हाललाई यसैसाथ संलग्न अनुसूचीमा प्रस्ताव गरेबमोजिमको शुल्क लिई २०८१ मङ्सिर ९ गतेदेखि धरहरा सञ्चालन गर्न स्वीकृति दिने। |
| १६ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य सेवा ऐनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| १७ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८१ मङ्सिर १९-२० सम्म इन्डोनेसियाको बालीमा सञ्चालन हुने Gavi's December 2024 Board Meeting मा नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री माननीय प्रदिप पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १८ | राष्ट्रिय योजना आयोगमा विशेष अधिकृत (राजपत्राङ्कित विशिष्ट श्रेणी, मुख्यसचिव सरह) पदमा कार्यरत डा. बैकुण्ठ अर्यालले पेश गर्नु भएको स्वैच्छिक अवकाश स्वीकृत गर्ने। | |
| १९ | शहरी विकास मन्त्रालयसम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयनसम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने। | |